# सुर्यगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः २ मितिः २०७५।१२।५


## भाग २

## सुर्यगढी गाउँपालिका

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**कार्यपालिकाबाट स्वीकृत मिति : – २०७४।३।२३**

**सम्वत २०७४ सालको नियमावली नं.: १**

# स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४

(सुर्यगढी गाउँकार्यपालिकाबाट पारित)

**प्रस्तावनाः**

नेपालको संविधानतथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिमगाउँपालिकातथानगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधितथा मापदण्ड स्थानीय राजपत्रमाप्रकाशनगर्न अनिवार्य भएकोले,

पहिलो पटक स्थानीय राजपत्रप्रकाशनगर्ने मितिनिर्धारण गर्न, स्थानीय राजपत्रमा र हने विभिन्नभागहरुको व्यवस्थागर्न, स्थानीय राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्रप्रकाशनगर्नेअधिकारीको सम्बन्धमाव्यवस्थागर्न, स्थानीय राजपत्रको अभिलेख तथामूल्यनिर्धारण र बिक्रीवितरणको प्रबन्धगर्नसुर्यगढी गाउँकार्यपालिकाको मिति२०७४।१२।५ मा बसेको बैठकले योकार्यविधि स्वीकृत गरी लागू गरेको छ।

## भाग– १

## प्रारम्भिक

१. **कार्यविधिको नामः** यस कार्यविधिको नामस्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ रहेको छ।

२. **कार्यविधिलागू हुनेः** यो कार्यविधिसुर्यगढी गाउँकार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ।

## भाग–२

## स्थानीय राजपत्रको भाग र ढाँचा

१. **स्थानीय राजपत्रको भागहरुः** स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची-१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ।

२. **स्थानीय राजपत्रको ढाँचाः** स्थानीय राजपत्रको ढाँचा अनुसूची-२ मा उल्लेख भएबमोजिम हुनेछ।

३. **खण्डको व्यवस्थाः** स्थानीय राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष(उदाहरणका लागि २०७४ साललाई १, २०७५ साललाई २), कायम गरी त्यसपछि क्रमशःजतिवर्ष भयो त्यतिनै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ।

४. **स्थानीय राजपत्रको संख्याः** (१) स्थानीय राजपत्रको संख्याकायमगर्दा क्रमशः संख्याकायमगरिनेछ।

(२) उपदफा (१) बमोजिम संख्याकायमगर्दा नेपालीबर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशनभएकाविषयमाक्रमशः संख्या राखीअर्को बर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ।

५. **स्थानीय राजपत्रमा प्रकाशन गर्ने सामग्रीः** स्थानीय राजपत्र प्रकाशन गर्दा बिषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ।

६. **स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीः** स्थानीय राजपत्र सुर्यगढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ। यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा "आज्ञाले," भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र गाउँपालिका/नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृत स्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशनगरिनेछ।

## भाग–३

## स्थानीय राजपत्रकोप्रकाशन, अभिलेख तथावितरण

१. **स्थानीय राजपत्रप्रकाशनको जिम्मेवारीः** (१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ।

(२) उपदफा (१)बमोजिम तोकिएको शाखावा एकाइबाट मात्र स्थानीय र ाजपत्र प्रकाशन गरिनेछ।

२. **प्रकाशन पूर्व सम्पादन गर्नुपर्नेः**(१) प्रकाशन हुने सामग्री गाउँ/नगर कार्यपालिकाको कानून सम्वन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिनेछ।

(२) उपदफा (१ वमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइमा पठाईनेछ।

३. **स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनः** (१) प्रमाणीकरण भई आएका

सामग्रीको अभिलेख दुरुस्त राखिनेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ।

(३) प्रमुख प्रशासकीय अधिकृत वानिजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ।

४. **निःशुल्क रुपमा उपलब्ध गराउनु पर्नेः** गाउँपालिका/नगरपालिकाले स्थानीय राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराइनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) गाउँपालिका/नगरपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्बन्धित स्थानीय विभाग/महाशाखा/शाखा,र

(ङ) गाउँपालिका/नगरपालिकाका प्रत्येक वडा कार्यालय

५. **वेभ साइटबाट सार्वजनिक गर्नुपर्नेः** गाउँपालिका/नगरपालिकाबाट प्रकाशित स्थानीय राजपत्रलाई गाउँपालिका/नगरपालिकाको वेभसाइटमा छुट्टै खण्ड (अलगपोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ।

६. **विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्यः** (१) प्रकाशित स्थानीय राजपत्र गाउँपालिका/नगरपालिकाका वडाहरु र स्थानीय तहको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाइमार्फत विक्रीवितरणको व्यवस्था मिलाइनेछ।

(२) स्थानीय राजपत्रको देहायबमोजिमकोबिक्रीमूल्यनिर्धारण गरिएको छ,

(**क**) **बार्षिक सदस्यबनाई बिक्री गर्दाः** वडा कार्यालय वा... गाउँपालिका/नगरपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा बार्षिक रु. ५९०/- (पाँच सय नब्बे मात्र)

(**ख**) **खुद्रा बिक्री गर्दा** : स्थानीय राजपत्रको सदस्यनभएको कुनै व्यक्तिवा संघ संस्थाले स्थानीय राजपत्रलिनचाहेमा देहायबमोजिमको फुटकर बिक्रीमूल्यतोकिएको छ।

- १ देखि ८ पेज सम्म एक प्रतिको रु.५मात्र
- ९ देखि २४ पेज सम्म एक प्रतिको रु.१० मात्र

- २५ देखि ४० पेज सम्म एक प्रतिको रु.१५ मात्र
- ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु.२०मात्र
- ५७ देखि ७२ सम्म एक प्रतिको रु.२५मात्र
- ७३ देखि ९६ सम्म एक प्रतिको रु.५०मात्र
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमाथपप्रति पेज २८ पैसाका दरले थपशुल्कलिइनेछ।

**द्रष्टब्य**ः माथिउल्लेखित दर कायमगर्दा नेपाल राजपत्रको प्रचलितबिक्रीदरलाई आधार लिइएको छ। स्थानीय सभाले उल्लेखित दरमाऔचित्य र आवश्यकताकाआधारमा परिमार्जन गर्न सक्नेछ।

७. **बिक्रीबाट प्राप्त रकम सञ्चितकोषमा जम्मा गर्ने** : स्थानीय राजपत्र बिक्रीबापत प्राप्त राजश्व गाउँपालिका/नगरपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ।

८. **कार्यविधिको व्याख्या**ः यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिका/नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ।

९. **बचाऊ**ः यो कार्यविधि लागू हुनुभन्दा अगावै गाउँपालिका/नगरपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ।

## अनुसूची–१
(दफा ३ सँग सम्बन्धित)

# स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

### भाग–१

यस भागमा स्थानीय सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ।

### भाग–२

यस भागमागाउँ/नगर कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ।

## अनुसूची–२
## (दफा ४ तथा अनसूची–१ को भाग–१ सँग सम्बन्धित)

**सुर्यगढी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्डः... संख्याः...मितिः ..../../..**

**भाग–१**

# सुर्यगढी गाउँपालिका

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची २

**(दफा ४ तथा अनसूची–१ को भाग–२ सँग सम्बन्धित)**

# सुर्यगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः... संख्याः...मितिः ..../../..

## भाग-२

# सुर्यगढी गाउँपालिका

कार्यपालिकाबाट जारीनियमावली, निर्देशिका, कार्यविधि, मापदण्डतथानेपाल सर कार, प्रदेश सरकार वाअर्को स्थानीयतहसँगभएको सम्झौताको व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत